सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री शारदा सुवेदी
माननीय न्यायाधीश श्री नृपध्वज निरौला

संक्षिप्त आदेश

०८२-WO-०७७३

मुद्दा : उत्प्रेषण समेत।

नेपाली काङ्ग्रेस पार्टीको चौधौं महधिवेशनबाट केन्द्रिय सभापति पदमा निर्वाचित डडेल्धुरा जिल्ला गन्यापधुरा गा.पा. वडा नं. १ घर भइ हाल का.जि का.म.न.पा. वडा नं ३ महाराजगन्ज डेरा गरी बस्ने शेरबहादुर देउवा--------------------१ निवेदक

नेपाली काङ्ग्रेस पार्टीको चौधौं महधिवेशनबाट निर्वाचित केन्द्रिय समितिको अख्तियार प्राप्त भई आफ्नो हकमा समेत नेपाली काङ्ग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्का-----------------------------------------------------१

विरूद्ध

निर्वाचन आयोग, बहादुर भवन कान्तिपथ ------------------------------------१
काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३० रातोपुल बस्ने गगनकुमार थापा ------------------------------------------------------१ प्रत्यर्थी

०८२-FN-०६२७

शेरबहादुर देउवा-----------------------------------------------------------१ निवेदक

विरूद्ध

गगनकुमार थापा समेत---------------------------------------------------१ प्रत्यर्थी

१. यसमा रिट निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री बाबुराजा श्रेष्ठ, एगराज पोखरेल, श्री लक्ष्मी रावल दाहाल, श्री गोविन्द प्रसाद शर्मा बन्दी, श्री रमणकुमार श्रेष्ठ, श्री शेरबहादुर के.सी., श्री रमेश बडाल, श्री ईश्वरीप्रसाद भट्टराई, श्री अमर थापा, श्री पूर्णबहादुर खड्का, श्री खम्मबहादुर खाती र श्री अरुण पौडेल एवं विद्वान् अधिवक्ता श्री पंकजकुमार कर्ण, श्री धर्मराज खनाल, श्री ज्ञानेन्द्रराज आरण, डा. श्री शिव कुमार यादव, श्री कृष्ण



CamScanner

कुमार आङ्देम्बे, श्री केशवराज जोशी, श्री शेरबहादुर रोकाया, श्री बामदेव अधिकारी, श्री राज कुमार डाँगी, श्री गोपाल सिंह, श्री अञ्जना अर्याल, श्री जिवन न्यौपाने, श्री विश्वनाथ खनाल, श्री मंगल सुन्दर शिल्पकार, श्री ज्ञानेन्द्र अधिकारी, श्री रमेश बहादुर रावल, श्री प्रदिप थापा, श्री अमित कुमार कर्ण, श्री अनिता शर्मा, श्री रुपा पोखरेल, श्री धनमाया रानामगर, श्री जनकराज श्रेष्ठ, श्री धर्मराज खनाल, श्री धर्मराज रेग्मी, श्री सुकदेव काफ्ले, श्री सुन्दर बहादुर सेनी, श्री देवीप्रसाद रिजाल र श्री चक्रबहादुर थापा तथा प्रत्यर्थी निर्वाचन आयोगको तर्फबाट उपस्थित विद्वान् नायब महान्यायाधिवक्ता श्री सञ्जिव राज रेग्मी र विद्वान् उपन्यायाधिवक्ता श्री विष्णुप्रसाद पौडेल र अन्य प्रत्यर्थीहरुका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री हरिहर दाहाल, श्री राधेश्याम अधिकारी, श्री प्रेमबहादुर खड्का, श्री सिताराम के.सी., श्री यदुनाथ खनाल, श्री गोपालकृष्ण घिमिरे, श्री दिनमणी पोखरेल, श्री चन्द्रकान्त ज्ञवाली, श्री टीकाराम भट्टराई, श्री सतिशकृष्ण खरेल, श्री पुर्णमान शाक्य, श्री गुणनिधि न्यौपाने, श्री युवराज कुमार भण्डारी, श्री कोमल प्रकाश घिमिरे, श्री शैलेन्द्र दाहाल, प्रा.डा. श्री गान्धी पण्डित, श्री सुरेशकुमार पौडेल र श्री रामबन्धु शर्मा तथा विद्वान् अधिवक्ताहरु श्री सेमन्त दाहाल, श्री भुवनप्रसाद वाग्ले, श्री राजु कटुवाल, श्री रत्नसुन्दर सुजु, श्री तुलसा शर्मा, श्री सम्झना के.सी., श्री कुमार भट्ट, श्री सुदिप कुमार साह, श्री मेनुका सुवेदी, श्री अनुपम भट्टराई, श्री सरोजकृष्ण घिमिरे, श्री निर्भयराज पौडेल, श्री गोकर्णराज बन्जाडे, श्री प्रह्लादबहादुर कार्की, श्री सुस्मित खनाल, श्री दिपेन्द्र अधिकारी, श्री मनिषा बस्नेत, श्री गोकर्णराज भण्डारी, श्री जितेन्द्रबहादुर पाण्डे, श्री बासुदेव रिजाल, श्री उज्वलराम घिमिरे, भरतकुमार लकाई, श्री पुष्प खड्का, श्री रोहितराज बसौला, श्री रोहन घिमिरे, श्री किर्तिनाथ शर्मा, श्री गोविन्दराज बसौला, श्री बिनोद कार्की, श्री राजकुमार उप्रेती, श्री रामचन्द्र पौडेल, श्री शंकर पौडेल, श्री राजिव बास्तोला, श्री विष्णुभक्त भट्टराई, श्री बिक्रमबहादुर कुँवर, श्री श्यामनाथ गौतम, श्री दिपक खड्का, श्री भरतकुमार घिमिरे, श्री थम्मलाल शर्मा, श्री सन्तोष भण्डारी, श्री राजकुमार उप्रेती, श्री पवन आचार्य, श्री झलमाया वि.क., श्री रोशन नेपाल र श्री रमेशबहादुर रावलसमेतले गर्नुभएको बहस सुनियो।

२. निवेदकले नेपाली काङ्ग्रेसका तत्कालिन महामन्त्रीले मिति २०८२।९।१७ मा प्रकाशित सूचनाबमोजिम मिति २०८२।९।२३ मा प्रकाशित विशेष महाधिवेशन सम्बन्धी सूचना तथा कार्यतालिका प्रकाशित गरेको विशेष महाधिवेशन नेपाली काङ्ग्रेसको विधानको धारा ३(१२), १७(२), २७(१) समेतको विपरीत भएकोले मिति २०८२।९।१७ को सूचनापत्रमा आधारित निर्णय, काम कारवाही, कार्यसमिति गठन, आधिकारिकता प्रदान लगायत सम्पूर्ण

निर्णय तथा कामकारवाही उत्प्रेषणको आदेशले बदर गरी राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४४ मा दफा ४३ बमोजिमको विवादको निरुपण गर्दा केन्द्रिय समितिको निर्णयको आधिकारिकता दावी गर्ने पक्षले दलको केन्द्रिय समितिको ४० प्रतिशत सदस्यको हस्ताक्षर पेस गर्नुपर्नेछ भन्ने प्रावधान बमोजिम हस्ताक्षर पेस गरी सकेको, नेपाली काङ्ग्रेसको विधानको गलत व्याख्या गरी निर्णय भएको, मिति २०८३ बैशाख २८ गते देखि ३१ गतेसम्म नियमित महाधिवेशनको कार्यतालिका प्रकाशित भईसकेकोले निर्वाचन आयोगबाट मिति २०८२।१०।२ मा भएको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी कार्यवाहक सभापति पूर्णबहादुर खड्काको नेतृत्वमा रहेको नेपाली काङ्ग्रेसको समितिलाई यथावत काम कारवाही गर्न दिनु भनी प्रत्यर्थीहरुका नाउँमा परमादेश जारी हुनसमेत निवेदन माग दावी रहेको देखिन्छ। निवेदकले निर्वाचन आयोगको मिति २०८२।१०।२ को निर्णय कार्यान्वयन भएमा मिति २०८२।१०।६ मा हुने उमेदवार मनोनयनमा लोकतान्त्रिक पार्टीले निर्वाचनमा सहभागि हुन नपाई अपूरणिय क्षति हुने भएकोले निर्वाचन आयोगको निर्णय कार्यान्वयन नगर्नु, नगराउनु, मिति २०८२।१०।६ मा उमेदवार मनोनयनको कार्यसमेत रोकी अर्को मिति घोषणा गर्नु उमेद्वारी दर्ता भएको भए हाललाई निर्वाचन सम्वन्धी कार्य अघि नबढाउनु भनी अन्तरिम आदेश जारी हुन माग दावी रहेको देखिन्छ। त्यसैगरी प्रत्यर्थीहरुले मिति २०८२।१२।११ मा मिति २०८३ असोज १६, १७, १८, १९ सम्म पन्ध्रौं महाधिवेशन गर्ने भनी भएको निर्णय, कार्यतालिका लगायत प्रस्तुत निवेदनमा अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु, नगराउनु, सम्पूर्ण काम कारवाहीहरु यथास्थितिमा राख्नु भनी अन्तरिम आदेश जारी हुन माग गरी ०८२-FN-०६२७ को निवेदन दर्ता हुन आएको देखिन्छ।

३. नेपाली काङ्ग्रेसको विधानको धारा १७(२) बमोजिम विशेष महाधिवेशन माग गरी पार्टीका ४० प्रतिशत महाधिवेशन प्रतिनिधिहरुले विशेष महाधिवेशन आव्हान गर्न माग गरेकोमा विपक्षीहरुले विशेष महाधिवेशन आव्हान नगर्नु भएको हुँदा महाधिवेशन प्रतिनिधिहरुको माग बमोजिम सम्पन्न भएको विशेष महाधिवेशन बिधासम्मत भएको र सो विशेष महाधिवेशनलाई मान्यता दिई निर्वाचन आयोगद्वारा अद्यावधिक गरिएको काम कारवाही विधिसम्मत भएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको लिखित जवाफ व्यहोरा रहेको देखिन्छ।

४. निवेदन माग बमोजिम आदेश जारी हुनु पर्ने हो वा होइन? भन्ने तर्फ हेर्दा, नेपाली काङ्ग्रेस पार्टीको विधान बमोजिम २०७८ साल मंसिर २४ गते देखि २८ गतेसम्म सम्पन्न चौधौं

महाधिवेशनबाट निर्वाचित सभापति, कार्यवाहक सभापति समेतका नेपाली काङ्ग्रेस पार्टी केन्द्रिय समितिको तर्फबाट प्रस्तुत निवेदन दायर हुन आएको देखिन्छ। नेपाली काङ्ग्रेसको विधान, २०१७ को धारा १७(१) बमोजिम महाधिवेशनबाट निर्वाचित सभापति समेतका केन्द्रिय समितिको पदावधि ऐ. विधानको धारा ४३ बमोजिम ४ (चार) वर्ष रहने देखिन्छ। असाधारण स्थिति भएमा केन्द्रिय कार्यसमितिले सो को कारण खोली बढीमा १ (एक) वर्षसम्मको लागि अवधि बढाउन सक्ने अवस्था देखिन्छ। सो आधारमा हेर्दा, निवेदकहरुको कार्यकाल २०८२।८।२८ मा समाप्त भईसकेकोमा केन्द्रिय कार्यसमितिको बैठकले २०८२ साल माघ समान्तसम्मको लागि केन्द्रिय कार्यसमिति लगायत पार्टीका सबै तहको म्याद थप गरिएको भन्ने देखिन्छ। तर हाल सो अवधिसमेत व्यतित भइसकेको देखिन्छ।

५. नेपाली काङ्ग्रेसको विधान, २०१७ को धारा १७(२) बमोजिम केन्द्रिय समितिले आवश्यक ठानेमा वा केन्द्रिय महाधिवेशनका चालिस प्रतिशत सदस्यहरुले केन्द्रिय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्रसमक्ष लिखित अनुरोध गरेमा निवेदन परेको ३ महिना भित्रमा केन्द्रिय महाधिवेशन बोलाउनुपर्ने प्रावधान रहेको देखिन्छ। पार्टीको चौधौं महाधिवेशनबाट निर्वाचित केन्द्रिय कार्यसमितिको कार्यकाल २०८२ साल मंसिरमा समाप्त हुने भन्ने अवस्थासमेत स्पष्ट गर्दै विशेष महाधिवेशनको आवश्यकता, विशेष महाधिवेशनमा निर्णय गर्नुपर्ने विषयसमेत खुलाई विधानको धारा १७ (२) बमोजिम विशेष महाधिवेशन बोलाउन माग गरी महाधिवेशन प्रतिनिधिहरुले मिति २०८२।६।२९ मा विशेष महाधिवेशनको माग गरी नेपाली काङ्ग्रेस केन्द्रिय कार्यालयसमक्ष दर्ता नं. १०१ को निवेदन दर्ता गरिएको भन्ने देखिन्छ। नेपाली काङ्ग्रेसको विधान, २०१७ को धारा १७(२) बमोजिम उपरोक्त निवेदन दर्ता गरी विशेष महाधिवेशन माग भएको मितिले ३ महिना भित्र विशेष महाधिवेशन बोलाउनुपर्ने बाध्यात्मक व्यवस्था रहेकोमा नेपाली काङ्ग्रेसको पन्धौं महाधिवेशन २०८२ पौष २६, २७, २८ मा सम्पन्न गर्ने गरी निवेदकहरुकोतर्फबाट मिति २०८२।८।१५ मा महाधिवेशन कार्यतालिका प्रकाशित गरिएको भन्ने देखिन्छ। प्रकाशित कार्यतालिका बमोजिम केन्द्रिय महाधिवेशन मातहत निकायको अधिवेशन सम्पन्न हुन नसकेपछि विशेष महाधिवेशन मागकर्ताहरुको तर्फबाट मिति २०८२।९।११ निवेदकहरु समक्ष विशेष महाधिवेशन सन्दर्भमा स्मरणपत्र पेस गरेको भन्ने अवस्था देखिन्छ। निजैले मिति २०८२।९।१६ मा निर्वाचन आयोगसमक्ष बहुमत केन्द्रिय महाधिवेशन प्रतिनिधिहरुको माग र विधानको बाध्यात्मक

व्यवस्था अनुसार माग गरेको विशेष केन्द्रिय महाधिवेशनलाई मिति २०८२ पौष २६,२७,२८ मा विधिवत, मर्यादित, व्यवस्थित र भव्यरुपमा सम्पन्न गर्न, गराउन नेपाली काङ्ग्रेस पार्टीको केन्द्रिय सभापति, कार्यवाहक सभापति तथा केन्द्रिय कार्यसमितिलाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५७ ले दिएको अधिकार प्रयोग गरी आवश्यक निर्देशन प्रदान गर्न विशेष अनुरोध गरी निवेदन गरिएको भन्ने देखिन्छ। निवेदकहरुले पूर्व निर्धारित कार्यतालिका परिवर्तन गरी २०८३ वैशाख २८, २९, ३० र ३१ मा पार्टीको पन्धौं महाधिवेशन काठमाडौंमा गर्ने गरी कार्यतालिका प्रकाशित गरिएको देखिन्छ। सो आधारमा हेर्दा, विधानको १७(२) बमोजिम विशेष महाधिवेशन सम्पन्न गर्न, गराउनतर्फ निवेदकहरु उदासिन रहेको अवस्था देखिन आयो। प्रत्यर्थीहरुबाट नेपाली काङ्ग्रेसको विधानको धारा ३(१२), २७(१) समेत बमोजिम विधानको धारा १७(२) अनुसार मिति २०८२ पौष २७ र २८ मा काठमाडौंको भृकुटीमण्डपमा विशेष महाधिवेशन हुने सम्बन्धमा मिति २०८२।९।२३ मा सूचना प्रकाशित भएको र सो बमोजिम विशेष अधिवेशन सम्पन्न गरिएको भन्ने लिखित जवाफबाट देखिन्छ। सो को जानकारी निर्वाचन आयोगलाई गराएको भन्नेसमेत मिसिल संलग्न प्रमाणहरुबाट देखिन आयो।

६. यसप्रकार नेपाली काङ्ग्रेसको विधान बमोजिम कारण खुलाई महाधिवेशन प्रतिनिधिहरुले मिति २०८२।६।२९ मा नै विशेष महाधिवेशनको माग गरी निवेदन दिएकोमा केन्द्रिय कार्यसमितिको मिति २०८२।८।१५ को निर्णयबाट नियमित महाधिवेशन गर्ने निर्णय भएपनि उक्त नियमित महाधिवेशन हुन सक्ने नदेखिएको र हुन नसकेको अवस्थामा बाध्यात्मकरुपमा बोलाउनुपर्ने विशेष महाधिवेशनको माग निष्कृय भएको मान्न नसकिने हुँदा विशेष महाधिवेशन आव्हान भई सम्पन्न भएको र उक्त महाधिवेशनले गरेका निर्णय तथा सम्वद्ध आवश्यक कागजातसमेत संलग्न गरी प्रत्यर्थी निर्वाचन आयोगमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ बमोजिम दिएको जानकारीका आधारमा आवश्यक अध्ययन र जाँचबुझ गरी उक्त दफाको व्यवस्था बमोजिम निर्वाचन आयोगबाट दलका केन्द्रिय कार्यसमितिका पदाधिकारी समेतको हेरफेरलाई अद्यावधिक गरेको देखिन आएबाट प्रत्यर्थी निर्वाचन आयोग समेतबाट भएको उपरोक्त काम कारवाही र निर्णयमा कुनै कानूनी र कार्यविधिगत त्रुटि रहेको भनी मान्न मिलेन। विशेष महाधिवेशनका काम कारवाहीका सम्बन्धमा प्रशासनिक कार्य गर्ने सम्मको अख्तियार रहेका मुख्य सचिव कृष्णप्रसाद पौडेलले मिति

२०८२।१०।२ मा प्रत्यर्थी निर्वाचन आयोगमा 'जानकारी गराएको' भन्ने विषयको प्रेषित पत्रलाई उक्त ऐनको दफा ४३, ४४ अन्तर्गतको उजुरी मान्न मिल्ने देखिएन। साथै, केन्द्रिय कार्यसमितिका पदाधिकारीहरुको भएको हेरफेरको अद्यावधिक भएपछि प्रमुख पदाधिकारीकोरुपमा श्री गगनकुमार थापाको हस्ताक्षरबाट २०८२ फागुन २१ मा तोकिएको संघीय संसदको निर्वाचनको लागि हुने प्रत्यक्ष निर्वाचनतर्फको उमेदवारको मनोनयन भई निर्वाचनसमेत सम्पन्न भई राजनीतिक वैधता पाई रिट निवेदन गर्दाको अवस्थामा हाल सारभूत परिवर्तन भईसकेको अवस्थामा विशेष महाधिवेशन बोलाउने भनी निकालिएको विज्ञप्ति तथा तत्सम्बन्धी काम कारवाहीसमेत बदर गरिपाउँ भनी लिएको निवेदन जिकिरको औचित्य समाप्त भईसकेको देखिनुका साथै निर्वाचन आयोगले राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ को परिधिभित्र रही उपलब्ध तथ्य, कागज प्रमाणको अध्ययन र जाँचबुझ गरी निर्णय भएकोमा ऐ. ऐनको दफा ४६(२) बमोजिम सो निर्णय अन्तिम हुने भएबाट विवादको तथ्य भित्र प्रवेश गरी प्रस्तुत रिट निवेदनको रोहबाट हस्तक्षेप गरी हेर्न उपयुक्त देखिएन। अतः रिट निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने अवस्थाको विद्यमानता देखिन नआएबाट प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत आदेशको पूर्णपाठ तयार हुन समय लाग्ने भएकोले यो संक्षिप्त आदेश जारी गरिदिएको छ। प्रस्तुत आदेशको जानकारी निवेदकलाई दिनू।–

न्यायाधीश

न्यायाधीश

इति सम्वत् २०८३ साल वैशाख ४ गते रोज ६ शुभम् ---------------------------------।



CamScanner